परिवर्तनको लागि

# क्राईम अपरेशन

CRIME OPERATION साप्ताहिक

क्राईम अपरेशन साप्ताहिक पत्रिकाको इ-पेपर www.crimeoperation.net मा लगइन गरी हेर्न सम्पूर्ण महानुभावहरुमा हार्दिक अनुरोध गर्दछु । सम्पादक

❑ वर्ष १२ ❑ अंक ९ २०८० असोज ७ गते आईतवार Sunday 24, SEP 2023 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## भिनाजुले पटक-पटक लिएको सापटी रकम फिर्ता नगरेपछि सालोको विच्चली

विराटनगर। दिदी-भिनाजुको कमजोर आर्थिक अवस्था भएका करण छोरा-छोरीलाई उच्च शिक्षामा अध्ययन गर्न लिएको लाखौ रकम फिर्ता नगरेपछि सालोको विच्चली भएको छ।

नेपाल पत्रकार महासंघ मोरंग शाखाको हलमा पत्रकार सम्मेलनमा जिल्ला सुनसरी साहेबगंज-९ हाल देवानगंज गाउँपालिका वडा नं. ५ स्थायी घर भै विराटनगर महानगर पालिका-१३ डेरा गरी बस्ने ओम प्रकाश साह दिदी-भिनाजु र भान्जाले पटक पटक गरी लिएको २० लाख फिर्ता नगरको आरोप लगाएका हुन्।




जिल्ला उदयपुर, चौदण्डीगढी नगरपालिका-४ बसाहा बर्खे डाडा बस्ने दिदी गीता साह, भिनाजु सुरेन्द्र प्रसाद साह र भान्जा संजय साहलाई मेरो नाममा रहेको देवानगंज गाउँपालिकाको १३ कठ्ठा ४ धुर जग्गा वेचेर भान्जा विराटनगर आएको बखत चेक मार्फत ११ पटक र नगद ६/७ पटक गरी २० लाख सापटी दिएको पत्रकार सम्मेलनमा ओम प्रकाश साहले वताए।

छोरा-छोरीको पढाईको लागि लिएको रकम वदनियत पूर्वक आफ्नो व्यपार व्यवसायमा लगाएको र छोरीलाई अष्ट्रेलिया पठाएको र विश्वास घातगरी सो रकम लिएको २०७९ साल माघ महिनामा थाहा पाएपछि सो रकम माघ दोस्रो साता फोन गरी मेरो लिएका रकम फिता माग्दा दिदी भिनाजुले तिमीसंग कुनै रकम लिएको छैन। आइन्दा पैसाको कुरा नगर्ने धम्की दिएपछि सो रकम असुल उपर गर्न अहिले प्रहरी कार्यालय र अदालत धाई रहेको गुनासो ओम प्रकाश साहले गुनासो गरे।

रकम असुल उपर गर्न इलाका प्रहरी कार्यालय बेल्टार उदयपुरमा आवश्यक कारवाही को लागि निवेदन दिएकोमा सो कार्यालयवाट तपाईको लेनदेन विराट नगर वाट भएकोले सोही ठाउँमा जाहेरी गर्न भनेपछि जिल्ला प्रहरी कार्यालय मोरंगमा समेत जाहेरी दर्ता गराएको र अदालतमा समेत मुद्दा दर्ता गरको ओम प्रकाश साहले वताए।

चेक मार्फत दिएको रकम र हातमै दिएको रकम असुल उपरको लागि अदालतमा मुद्दा दायर गरको छु अव मेरो रकम असुन उपर हुन्छ कि हुदैन प्रमाण र अदालतको फैसला बोल्दछ। यो पत्रकार सम्मेलन समाजमा जनचेतनाको लागि यस्तो समस्या अन्य परिवारमा नआओस भनेर गरेको ओम प्रकास साहको भनाई थियो।

## नेपाल पत्रकार महासंघ मोरंग शाखामा सेन्टरको तालाबन्दी

विराटनगर। पत्रकार महासंघ मोरङको कार्यालय भवनको मुल गेटमै प्रेस सेन्टर मोरङले तालाबन्दी गरेको छ। महासंघ मोरङको कार्यवहाक अध्यक्ष खुल्ला उपाध्यक्ष मोहन भट्टराईले विधानत : पाउनुपर्नेमा अन्यथा भएको भन्दै प्रेस सेन्टरले तालाबन्दी गरेको हो।

महासंघ मोरङका अध्यक्ष सञ्जीव खनाल १० दिन अगाडि विदेश गएका थिए। उनले विदेशबाटै गत भदौ २९ गते महिला उपाध्यक्ष तारा आचार्यलाई कार्यबहाक अध्यक्षको जिम्मेवारी दिएको पत्र सार्वजनिक भएको थियो। कार्यबहाक अध्यक्ष तोक्ने विषयमा विधानले अध्यक्षलाई अधिकार नै नदिएको सेन्टरको दावी छ।

पत्रकार महासंघको विधानको दफा २२ ले अध्यक्षको अनुपस्थिति वा देशबाहिर रहेमा दोस्रो वरियताको उपाध्यक्षले कार्यबहाक अध्यक्षको रुपमा काम गर्ने व्यवस्था छ। दोस्रो वरियताको उपाध्यक्ष अनुपस्थित भएमा वा देशबाहिर रहेको अवस्थामा मात्र तेस्रो वरियताको उपाध्यक्ष(महिला) ले कार्यबहाक अध्यक्ष पाउने विधानको व्यवस्था रहेको छ। केन्द्रमा खुल्ला ( वरिष्ठ) उपाध्यक्ष सहित महिला र समावेशी गरि तीन उपाध्यक्ष रहन्छन् भने प्रदेश तथा शाखामा खुल्ला उपाध्यक्ष र महिला उपाध्यक्ष रहने व्यवस्था छ।

बांकी अन्तिम पेजमा...

## थारु सामुदायिक भवनमा पारदर्शिताको माग गर्दै तालाबन्दी

विराटनगर। थारु कल्याणकारी सभा जिल्ला कार्यसमिती मोरङले सञ्चालन गरेको थारु सामुदायिक भवनमा थारु युवाहरुले विहीवार ताला बन्दी गरेका छन्।



विराटनगर-३ स्थित पवित्रा चोकमा रहेको थारु कल्याणकारी मोरङले सञ्चालन गर्दै आएको थारु सामुदायिक भवनमा आर्थिक पारदर्शीताको माग गर्दै युवाहरुले ताला बन्दी गरेका हुन्।

मोरङका अध्यक्ष प्रदिप भगतको नेतृत्वले आर्थिक पारदर्शी नगरी सभालाई एक्लैटि तरिकोले चलाएका कारण ताला बन्दी गरेको थारु अगुवा नमोनारायण माझीले जानकारी गराएका थिए।

थारु कल्याणकारी सभा मोरङ जिल्लाको अधिवेशन गएको असार ८ र ९ गते बेलवारिको डांगिमा सम्पन्न भएको थियो।

अधिवेशनले नयाँ कार्य समिति चयन नगरी एक लोटी ढंगले भगतको समूहले संस्था चलाएको थारु युवाहरुले आरोप लगाएका छन्।

बांकी अन्तिम पेजमा...

## कोशी प्रदेश नामाकरणको समर्थनमा सिङ्गो एमाले उठ्न नसकेको : मुख्य मन्त्री कार्की

विराटनगर, ६ असोज। कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले 'कोशी' नामकरणको समर्थनमा सिङ्गो एमाले जुरुक्क उठ्न नसकेको बताउनु भएको छ। प्रगतिशल तथा पेशागत कानून व्यवसायी संघ (पीपीएलए) को कोशी प्रदेशको प्रथम अधिवेशनको उद्घाटन गर्दै मुख्यमन्त्री कार्कीले सो कुरा बताएको हो।

मुख्यमन्त्री कार्कीले भने 'कोशी नामकरणको विषयमा सिङ्गो एमाले जसरी जुरुक्क उठ्नु पर्‍यो त्यसरी उठेन, बरु एमालेका कतिपय कार्यकर्ता नामकरणको विरोधमा लेख्ने र बोल्ने काममा सहभागि भएको पाइयो।' तत्कालिन प्रदेश नं १ को कोशी नामकरण ठिक भएको र यसबाट डराउनुपर्ने अवस्था नरहेको पनि उहाँले प्रस्ट पारेका थिए।

कोशी नामकरण विरुद्ध जवर्जस्ति आन्दोलन उठाइएको बताउँदै स्थानीय स्तरबाट आन्दोलन उठन नसकेपछि अहिले विदेशी हरुको सहयोग मा काठमाडौ देखिका मानिसहरु ल्याउन थालिएको दावी गर्दै यहाँ पनि भारतको मणिपुरमा जस्तै जातीय र सामुदायिक दङ्गा भड्काउन केही शक्तिले खोजिरहेको कार्कीले वताए।

मुख्यमन्त्री कार्कीले कोशी नामकरणको विषयमा पुराना सबै राजनीतिक दलहरुले आ- आफ्नो धारण सार्वजनिक गरेपनि रवीको पार्टीको धारण प्रस्ट नआएकोमा आश्चर्य व्यक्त गरेका थिए।

एमालेका अगाडी धेरै समस्या नरहेको प्रस्ट पार्दै एमाले अरुका कारणले नभएर आफनै खुट्टामा अल्फिएर लड्ने गरेको उहाँको भनाइ थियो। मुलुकमा एमाले हार्ने सिट सङ्ख्या थोरै मात्रमा रहेको दावी गर्दै तर धेरै ठाउँमा एमालेले नै एमालेलाई हराएको उहाँको कथन छ। 'त्यसैले अब एक पटक हरेक मोर्चामा एमाले जिताउ अभियान चलाउने हो भने मात्र पार्टीले चलाएको मिसन ८४ सफल हुने वताए।

सो अवसरमा कोशी प्रदेशका विभिन्न जिल्लाबाट सहभागि हुन आउनु भएका कानुन व्यवसायिहरुले स्थानीय जिल्लामा पीपीएलए र नेकपा एमालेको अवस्थाबारे अवगत गराउनु भएको थियो।

SUKRATARA FURNITURE UDYOG
BIRATNAGAR
9842033365
9805391277
Chattdev007@gmail.com



All types of Fabrication, Furniture, Prefab, Truss are available.

## जिल्ला...

हतियार देखाई कुटपिट गरी लुटपाट गरेको ।

लुटपाट गरेको सामान
- १ थान मोवाईल,
- नगद रु. ४ हजार,

४. २०८० भाद्र ५ गते विहानको अ. ०१:४५ बजेको समयमा जिल्ला सुनसरी दुहबी न.पा. वडा न.८ कदमगाछी चौक स्थित कोशी लोक मार्ग सडक खण्डमा अं. ५/६ जनाको हतियारधारी मानिसहरुको समूहले पेस्तोल देखाई पिडित महिलाको सुनका गरगहना र मोवाईल फोन समेत लुटि डाका गरेको ।

लुटपाट गरेको सामान
- सुनको झुम्का थान-२
- सुनजस्तो देखिने रेडिमेड बाला थान-६,
- ओपो कम्पनीको मोबाईल थान-१

५. २०८० भाद्र ९ गते रातको २३:४५ बजे जिल्ला मोरङ ग्रामथान गाउँपालिका वडा नं. ५, तेत्तरिया नहर स्थित बाङ्गे बजारमा मोटरसाईकलमा सवार व्यक्तिलाई पेस्तोल, रड, लाठी लगायतका हतियार देखाई कुटपिट गरी लुटपाट गरेको ।

लुटपाट गरेको सामान
- नगद रु. २५ हजार,
- एमआई कम्पनीको १० टी प्रो मोवाईल थान-१

६. २०८० भाद्र १२ गते रातको अ. २३:५० बजेको समयमा जिल्ला सुनसरी दुहवी न.पा. वडा न. १० बुद्धचौक स्थित ईनरुवा-दुहवी सडक खण्डमा अं. ५/६ जनाको हतियारधारी मानिसहरुको समूहले पेस्तोल देखाई पिडितको साथबाट नगद, गरगहना र मोबाईल फोन लुटपाट गरेको ।

लुटपाट गरेको सामान
- नगद रु. हजार,
- ५ तोलाको चाँदीको सिक्री थान-१,
- जीटीइ कम्पनीको मोबाईल फोन थान-१

७. २०८० भाद्र १४ गते विहानको राती अं. ०१:०० बजे जिल्ला सुनसरी गढी गा.पा. वडा न. २ स्थित दुहवी-ईनरुवा सडक खण्डमा प्र.१-०२-००१-क-३७६९ नम्बरको ट्रकलाई अपरिचित हतियारधारी समूहले पेस्तोल, रड, लाठी लगायतका हतियार देखाई कुटपिट गरी ट्रक चालक र सो मा सवार अन्य स्टाफ समेतको साथबाट नगद तथा मोबाईल फोन लुटपाट गरेको ।

लुटपाट गरेको सामान
- नगद रु.१ लाख ७१ हजार,
- रियलमी कम्पनीको मोवाईल फोन थान-१,
- सेमसुङ्ग कम्पनीको किप्याड मोवाईल फोन थान-१

८. २०८० भाद्र १५ गते विहानको ३:२० बजे बेलबारी-२, थापाचोक स्थित ब्रिक होटल अगाडी नोबेल सामुदायिक अस्पताल, बेलवारीबाट औषधी किनेर फर्कने क्रममा पिडितको मोटरसाईकल रोकी पेस्तोल, रड, लाठी लगायतका हतियार देखाई कुटपिट गरी लुटपाट गरेको ।

लुटपाट गरेको सामान
- नगर रु १० हजार,
- एपल कम्पनीको मोवाईल थान-१

९. जिल्ला सुनसरी बर्जु गाउपालिका वडा न. १ शुक बारे र जिल्ला मोरङ बिराट नगर महानगरपालिका वडा नं. ५ को सीमा क्षेत्रमा मिति २०८०।०५।२१ गते अं. २३:४० बजे को २ ह ३९७६ नंबरको अटो चालक र सो मा सवार यात्रीलाई पेस्तोल, रड, लाठी लगायतका हतियार देखाई कुटपिट गरी लुटपाट गरेको ।

लुटपाट गरेको सामान
- भिभो कम्पनीको मोबाईल थान १,
- नोकिया कम्पनीको मोवाईल थान १,
- नगद रु. १३ हजार ५ सय

१०. जिल्ला सुनसरी बर्जु गाउपालिका वडा न. १ शुक्रबारे र जिल्ला मोरङ बिराटनगर महानगरपालिका वडा नं. ५ को सीमा क्षेत्र नजिक पर्ने रिङरोडमा मिति २०८० भाद्र २२ गते ई.प्र.का. दुहबि सुनसरीबाट चोरी लुटपाट नियन्त्रण अपरेशनको लागि खटिएको सादा पोशाकको प्रहरी टोलीलाई ६ जनाको हतियारधारी समूहले अं. ००:३० बजे आक्रमण गरी २ जना प्रहरीलाई घाईते बनाई साथमा भएको प्रहरीको चाईनिज पेस्तोल समेत लुटपाट गरेको ।

लुटपाट गरेको सामान
- टाईप ५४ चाईनिज पेस्तोल थान-१

११. जिल्ला सुनसरी बर्जु गाउपालिका वडा न. १ मा मिति २०८० भाद्र २२ गते रातको अं. ००:५५ बजे साईकल यात्रीलाई पेस्तोल, रड, लाठी लगायतका हतियार देखाई मोबाईल फोन र ब्लुटुथ एयर फोन लुटपाट गरेको ।

लुटपाट गरेको सामान
- रेडमी ९ मोबाईल थान-१,
- ब्लुटुथ एयर फोन थान-१ ।

चोरीको मोटरसाईकल सहित मोटरसाईकल चोरीमा संलग्न व्यक्ति पक्राउ

चोरी कसुरको अनुसन्धानको सिलशिलामा मिति २०८० भाद्र १ गते जिल्ला सुनसरी देवानगंज गाउँपालिका वडा नं. १ वस्ने वर्ष २३ को सरोज कुमार मेहेताको नाममा सम्मानित सुनसरी जिल्ला अदालतबाट पक्राउ अनुमति प्राप्त भएकोमा निजलाई बिराटनगर ५, पुल्चोक मोरङबाट मिति २०८० भाद्र २२ गते चोरीको हिरो होन्डा साईन मोटरसाईकल थान १, मोटेसाईकल चोरीमा प्रयोग गरिने औजार (मास्टर कि) थान १ सहित पक्राउ गरी थप कानुनी कार्वाहीका लागि जिल्ला प्रहरी कार्यालय सुन्सरी पठाईएको ।

अबैध भारतिय रकम सहित मानिस पक्राउ

२०८० भाद्र २४ गते अ.१०:२० बजे बिराटनगर महानगरपालिका वडा नं. १६ दक्षिण गेट स्थितमा भारत बाट नेपाल तर्फ आउदै गरेको पैदल यात्री देश भारत बिहार खगडिया गाउँ पंचायत महेसखुट बस्ने बर्ष ३२ को चन्दन कुमार यादवलाई ईलाका प्रहरी कार्यालय रानीबाट खटिएको प्रहरी टोलीले शंका लागी चेकजाँच गर्दा निजले पछाडी बोकेको झोलामा अबैध रुपमा बोकेको भारतीय रकम रु. १० लाख ५० हजार) सहित फेला पारी नियन्त्रणमा लिईएको ।

## वातावरण...

बाँच्नका लागि आवश्यक पर्ने अक्सिजन वन जंगलबाट नै पाउने भएकाले वातावरण प्रदुषण रोक्न वन विनाशलाई रोक्नु जरुरी छ ।

वातावरण संरक्षणको लागि हरेक नागरिकहरुलाई सुशुचित गर्न जरुरी हुन्छ । प्रदुषणका हरेक क्रियाकलाप मानिससंग जोडिएकाले जनचेतना अभिवृद्धि बाट नै संरक्षणको कार्यमा सफलता मिल्छ ।

वातावरण प्रदुषणका कारण ओजोन तहमा विनाश हुने ,दिर्घ रोग लाग्ने, मौसममा परिवर्तन हुने, अम्ल वर्षा हुने, श्वासप्रश्वासमा असर गर्ने,कृषि उत्पादनमा ह्रास आउने, वन्यजन्तुको लोप हुने तथा विश्वव्यापि उष्णता र हरित गृहमा प्रभाव हुने गर्दछ ।

वातावरण संरक्षण :

हाल पर्यावरणको जीवनको अभिवृद्धि गर्नु अत्यावश्यक भइसकेको छ । वातावरणको संरक्षण आवश्यकता महत्वपूर्ण र चुनौतिको विषय बनिसकेको छ । भविष्य पुस्ताहरूको जीवन सुनिश्चित गर्नु वर्तमान अवस्थामा अपरिहार्य देखिएको छ ।

वातावरणको संरक्षण सरकार र ठूला कम्पनीहरूका साथै सबै नागरिकहरुसँग सम्बन्धित छ । वातावरण प्रदूषणको प्रत्यक्ष असर मानिसलाई नै पर्ने भएकाले संरक्षणलाई जोड दिनु हामी सबैको दायित्व हुन आउँछ ।

'वातावरणको रक्षा मान जातीको सुरक्षा' भने जस्तै वातावरणको संरक्षणले हामीलाई दिगो जीवनको लागि अनुमति दिने गर्छ ।

केही उदाहरणहरू हरितगृह प्रभाव, ओजोन तहको कटौती, वन फँडानी र बोटबिरुवा र पशु प्रजातिहरूको लोप हुन इको-सिस्टमको प्रदुषणबाट उत्पन्न हुन सक्छ ।

पृथ्वी हाम्रो घर हो र सबै जीवित प्राणीहरुलाई बाँच्नको लागि तिनीहरूको राम्रो अवस्था चाहिन्छ ।

यो सम्भव छ जनताको सचेतना, शिक्षा र प्राकृतिक संसाधनको सचेत उपयोग गरेर । वातावरणको सन्तुलन मात्र सम्भव छ यदि हेरविचार गरियो र एक व्यावहारिक र तर्कसंगत प्रयोग तत्वहरू बने जुन प्रकृतिले हामीलाई दिन्छ र त्यो व्यक्ति सिर्जना गर्न सक्षम छ ।

आणविक रासयनिक तथा जैविक हातहतियारहरुको उत्पादनमा बन्देज लगाउने, तथा हरेक दिनलाई जुन ५ जस्तै वातावरण दिवस बनाउन आजै देखि पहल कदमि बढाउन जरुरी छ ।

वातावरण प्रदुषण रोक्नका लागि वृक्षरोपणमा जोड दिईवन विनाश रोक्नुपर्छ । पुराना सवारी साधन चलाउन रोक लगाउनु पर्छ । वातावरण सफा र स्वच्छ भएमा मात्र हामी निरोगी बन्न सक्छौं ।

त्यसैले वातावरण सफा र स्वच्छ राखि दिगो विकासको अवधारणलाई आत्मसाथ गर्दै ,सरकारले प्रदुषण मापदण्ड कडाईका साथ लागु गरी हरेक घर घरबाट निस्केका फोहोरहरुलाई पुनः प्रयोग गर्ने प्रविधिको विकास गरी हरेक फोहोरलाई मोहोर भन्ने नाराले सार्थक पाउन सके मात्र हामि रहन्छौं । तसर्थ वातावरणको संरक्षण र प्रदुषण नियन्त्रण गर्नु हामी सबैको दायित्व हो ।

वातावरण प्रदुषणको रोकथामका उपाय :

वातावरण प्रदुषण यसको समयमा रोकथाम गर्न सकिएन भने हामि हाम्रो जिवनलाई स्वस्थ अनि दिगो बनाउन सक्दैनौं ।

त्यसैले समयमा जनचेतना फैलाउन अनि वातावरण शिक्षाको व्यवस्था गर्न अत्यन्त आवश्यक छ । हरेक स्थानिय तहले प्रदुषणमा कमि ल्याउन निति तथा कार्यक्रममा समेटि हरेक नागरिकलाई जागरुक बनाउन जरुरी छ ।

वातावरण संरक्षणमा नेपाल सरकारले विभिन्न नीति लीएको छ । वातावरण संरक्षणका लागि नेपाल सरकारले राष्ट्रिय कृषि-वन नीति-२०७६, राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६, राष्ट्रिय वातावरण नीति, २०७६ जस्ता थुप्रै नीति लिएे छ ।

उक्त नीतिमा आधारीत भएर सरकारले विभिन्न कार्यक्रम समेत लिने गरेको छ । आगामी आर्थिक वर्षको बजेटमा समेत नेपाल सरकारले वातावरण संरक्षणलाई प्राथमिकतामा राखेको देखिन्छ । तर ती विविध वातावरण संरक्षणका लागि ल्याईएका नीति तथा बजेट कार्यान्वयनमा भने ठुलै चुनौति देखिन्छ ।

हरेक स्थानीय तहले फोहोर मैला व्यवस्थापनका कार्यक्रम आफ्ना आगामि बजेटमा समेटेको पाईन्छ तर दिगो रुपमा फोहोर मैलाको पुनः प्रयोग गर्ने कार्यक्रममा भने चासो कम देखिन्छ ।

फोहोर संकलन गर्ने स्थानिय तहले जथाभावि फोहोर वन क्षेत्रमा फाल्नाले वातावरण दिनानुदिन बिग्रदै गईरहेको छ । उचित फोहोर व्यवस्थापन तथा पुनःप्रयोगमा अध्ययन गरि वैज्ञानिक प्रणालि अबलम्बन गरि वातावरणको क्षेत्रमा काम गर्नु आजको आवश्यकता हो ।

## नेपाल...

प्रेस सेन्टर मोरङका अध्यक्ष अर्जुन आचार्यले महासंघको कार्यालयमा तालाबन्दी गर्दै कार्यबहाकको विषयको विवाद समाधानका लागि पत्रकार महासंघको प्रदेश समिति र केन्द्रीय समितिलाई आग्रह गरिएपनि ढिलासुस्ती गरेपछि तालाबन्दी गरेको बताए । विधान अनुसार भट्टराईलाई कार्यबहाक तोकेको पत्र प्रदेश र केन्द्रले दिएपछि मात्रै तालाबन्दीको अन्त्य गरिने उनको भनाइ छ ।

तालाबन्दीलाई प्रेस सेन्टर कोशी प्रदेशले पनि समर्थन गरेको छ । तालाबन्दीप्रति ऐक्यबद्धता जनाउँदै कोशी प्रदेश अध्यक्ष विनोद घिमिरेले एकताबद्ध रहेका मोरङका पत्रकारहरुबीच विवाद र झैझगडा बढाउने उद्देश्यका साथ विधान विपरीत कार्यबहाक अध्यक्ष तोकिएको बताए ।

तालाबन्दीपछि प्रेस सेन्टर मोरङले जारी गरेको विज्ञप्तिमा प्रदेश र केन्द्रका अध्यक्ष तथा महासचिवले विधान अनुसार भट्टराई नै कार्यबहाक अध्यक्ष हुने बताएको उल्लेख छ ।

## थारू...

यता अध्यक्षको उम्मेदवार प्रदिप बिश्वासले स्थगित गरिएको निर्वाचनलाई तत्काल मिति तोकि नयाँ कार्यसमिति चयन गर्न माग गरेको छ ।

पुर्व अध्यक्ष भगतले ६ वर्षको कार्यकालमा ९ वर्ष चलाए पनि फेरि उम्मेदवारी दिनु र अरु उम्मेदवारलाई अवैधानिक भन्नु जायज नभएको वहाँको भनाइ छ । थारु कल्याणकारी केन्द्र सभाले जिल्ला समितिलाई बन्दी बनाएको आरोप समेत लगाएका थिए ।

थारु कल्याणकारी मोरङ जिल्ला अध्यक्षका लागि पुर्व अध्यक्ष प्रदिप भगत र प्रदिप बिश्वास गरि दुवै जनाले उम्मेदवारी दिएका थिए ।




स्तनपान : बालबालिकालाई वरदान

आमाको दूध बालबालिकाका लागि अमृत समान हुन्छ ।
त्यसैले,
- स्वास्थ्यकर्मीहरुले आमाको दुधलाई प्रतिस्थापन गर्ने वस्तु सिफारिस गर्नु हुँदैन,
- आमाको दूधको विकल्पमा बट्टाका दूध, दूधदानी जस्ता वस्तुको प्रबर्द्धन गर्नु हुँदैन,
- त्यस्ता वस्तुको उत्पादन वा वितरकबाट कुनै पनि किसिमको नमूना लिने तथा आर्थिक वा भौतिक उपहार लिनु हुँदैन ।

त्यस्तो कार्य गरको पाईएमा आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९ अनुसार कार वाही हुन्छ ।

नेपाल सरकार, विज्ञापन बोर्ड

परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल
मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

परिवर्तनको लागि क्राईम अपरेशन Crime Operation साप्ताहिक

## सम्पादकीय

# समस्याको सामाधान खोजौं

कोशी प्रदेशमा अहिले प्रदेश सरकार देखि विभिन्न संघ संस्थाहरुमा समस्या देखिएको छ। ती समस्याको सामाधान खोज्नु नै सवभन्दा उत्तम उपाय हो। कोशी प्रदेश सरकार गठन गरी बहुमत पुऱ्याउने नाममा अनेकन अनेक लफडा, गैरकानूनी वाटो अपनाएर सत्ताको कुर्सीमा पहुँचने उदेश्य राखेर, अरुलाई पेलेर, कसैलाई ओच्याएर सत्ता चल्दैन सत्ता चल्ने हो कानुनले त्यसैले कानूनको पालन गरेमा लोकतन्त्र फस्टाउने छ। अन्यथा यस्तै कार्यले मूलुकमा अराजकता फैलिने छ। अहिले जल्दो बल्दो रुपमा पत्रकारहरुको समस्या आएको छ। शुद्धिकरणमा भेदभाव भएको भन्दौ प्रेस चौतारी नेपाल प्रदेशले पत्रकारहरुको साझा संगठन कोशी प्रदेश पत्रकार महासंमा ताला वन्दी गरको छ। त्यसैगरी नेपाल पत्रकार महासंघ मोरंग शाखामा कार्यवाह अध्यक्ष तोकेको विरोधमा प्रेस सेन्टर नेपालले तालाबन्दी गरको छ।

कोशी प्रदेशको अन्य केही संस्थाहरुमा तालाबन्दी भएको छ। यी तालावन्दी हुनुमा कही न कही पार्टीका नेतृत्व पंक्तिको दोष रहको देखिन्छ। मूलुकले पत्रकाहरुलाई राज्यको चौथों अंग भनेर परिभाषित गरको छ। ती चौथो अंगको साझा संगठनको कोशी प्रदेश कार्यालय र मोरंग जिल्ला शाखा कार्यालयमा ताला वन्दीले आम जनतामा पत्रकार प्रतिको विश्वा घट्दै गएको देखिन्छ। पत्रकारहरुमै एक आपसमा दोषरोपन भइरहेको वेला आम जनता पत्रकार पनि उस्तै रहको प्रतिक्रिया दिईन्छ। पत्रकारहरुको कार्यालयमा पत्रकारहरु द्धारा गरिएको ताला वन्दीले पत्रकाहरुको क्षमता माथि प्रश्न उठाएको छ।

तालाबन्दी कसैलाई भलो गर्दैन तालाबन्दीको सट्टा सम्वादलाई अगाडी बढाएर पत्रकारी क्षेत्रका संघ संगठनहरु बीच खुल्ला रुपमा छलफल बहस चलाएर समस्यालाई समाधन गर्न तिर लाग्नु पर्ने वेला एकले अर्कोलाई के गर्न सक्छ भनी हिन्नु पत्रकारलाई सुहाउँदैन। त्यसैले छलफल बोलाउने वातावरण बनाएर छलफल गरी पत्रकारहरुको साझा संगठनमा देखिएको समस्याहरु समाधान गर्नु पर्छ। अन्यथा घर फुटे गवार लुटे काहवत सार्थक भई पत्रकार पत्रकार वीच लड्ने अरुले धुरधुर मात्र हुन्छ। त्यसैले सर्वपाक्षिय छलफल बोलाई चाडोभन्दा चाडो समस्या सामाधान गर्न आवश्यक छ।

# साप्ताहिक राशिफल

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) : तपाईका विरोधीहरु परास्त हुनुकासाथै मान सम्मान समेत मिल्ने योग रहको छ।** यूवायूवतीहरुको लागि नयांजीवन साथी मिल्ने छ।

**वृष (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो) : आर्थिक पक्ष राम्रोरहेकाले व्यापार व्यवसायवाट राम्रै नाफा मिल्ने तथा परिवारिक सुख प्राप्तीको योग समेत रहेको छ।**

**मिथुन (क, कि, कु, घ, ङ, छ, के, को, ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउने योग छ। दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** : मनमा अनावश्यक तर्कतर्कले डेरा जमाउने योग देखिन्छ। गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पुऱ्याएर काम गर्नुहोला।

**सिंह (मा, मि, मु मे, मो, टा, टि, टु, टे)** : विद्याथीवर्गका लागि पढाईमा गहिरो लगाउ हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी हुने प्रवल सम्भावना छ।

**कन्या (टो, प, पी, पू, ष, ण, ठ, पे, पो)** : शाररीक अवस्थाका साथै आलश्य बढ्ने योग रहेको छ। नाना तरहका अनावश्यक विषयलेमानसिक तनाव उत्पन्न गराउने देखिनछ।

**तुला (रा, री, रु, रे, रो, ता, ती, तु, ते)** : पारिवारिक चिन्तालेसताउने योग रहेको छ। भने उत्तरार्द्धमा सामान्य वादविवाद पर्नै सम्भावना रहेको छ।

**वृश्चिक (तो, ना, नि, नू, ने, नो, या, यि, यू): आर्थिक पक्ष सवल रहेको छ। आत्मवल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता बढ्ने छ।**

**धनु (यो, भा, भी, भू, ध, फा, ढ, भे)** : मेवा मिष्ठानका परिकार प्राप्त हुने वेला छ। कृषि तथा कृषिजन्य व्यवसायमा लाभ हुने प्रवल सम्भावन देखिन्छ।

**मकर (भो, जा, जी, जू, जे, ख, खि, खू, खे, गा, गी)** : महिनाको पुर्वाद्धमा मिसत्रहरुसंग धनमाल तथा मनोरञ्जनको अवसर मिल्ने छ। भने उत्तरार्द्धमा मान क्षति र अपमान आउन सक्ने छ।

**कुम्भ (गु, गे, गो, सा, सी, सु, से, सो, द) :सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाइलो मात्रको सुवर्ण अवसर मिल्ने प्रवल सम्भावना रहेको छ।**

**मीन (दी, दु, थ, झ, ञ, दे, दो, च, ची)** : शत्रुहरुको शिर निहुरिनेछ। भने वादविवादमा विजय मिल्ने योग रहेको छ। पेट,आंखा तथा सामान्य शारीरिक अस्वस्थ्यता देखापर्ने छ।

# शिक्षण मर्यादित बनाउने शिक्षा विधेयकको खोजी

**हरि ज्ञवाली**

'विद्यालय शिक्षा सम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक २०८०' संसदमा दर्ता हुनेबित्तिकै मुलुकका लाखौं शिक्षक-कर्मचारी आन्दोलित भएका छन्। करिब ५२ वर्षअघिको शिक्षा ऐनलाई विस्थापित गर्ने गरी आएको हालको संघीय संरचना अनुसारको यो शिक्षा विधेयकले सरोकारवाला र सिङ्गो राष्ट्र नै तरङ्गित बनेको छ।

विधेयकका कारण सामुदायिक विद्यालयहरूको पठनपाठन ठप्प गरिँदै छन्। सरकारले यसै वर्ष घोषणा गरेको असोज २ गतेको शिक्षा दिवस समेत आन्दोलित शिक्षकहरूले बहिष्कार गरे। शिक्षकहरू नै सहभागी नभएपछि शिक्षा दिवस पनि खल्लो र नीरस भयो। सरोकार वालाहरूले नै दिवस बहिष्कार गर्ने परिस्थिति आउनु सिङ्गो राष्ट्रका लागि अशोभनीय विषय हो।

आन्दोलनरत पक्षले हालको शिक्षा विधेयकलाई प्रतिगामी समेत भनेका छन्। विधेयकमा राखिएका कतिपय विषयले शिक्षण पेशा र शिक्षकको पेशागत मर्यादा बढाउन खोजिएको हो कि अपमानित गर्न ? अन्योल सिर्जना गरेको छ। यसबारे थप अध्ययन र विश्लेषण गरिनु आवश्यक देखिन्छ।

शिक्षक को हुन् ?

नेपाली बृहत् शब्दकोशमा शिक्षा दिने वा विद्यालयमा पढाउने व्यक्ति नै शिक्षक, अध्यापक वा गुरु हुन् भनिएको छ। यसको अर्थ शिक्षक ज्ञान बाँड्ने व्यक्ति हुन्।

शिक्षक शब्दले गुरु शब्दसँग समान अर्थ राख्छ। ज्ञानरूपी प्रकाश दिएर अन्धकारलाई हटाउने व्यक्ति नै शिक्षक वा गुरु मानिन्छन्। शिक्षक शब्दमा प्रयोग भएको अक्षर 'शि' ले शिखरमा लैजाने व्यक्ति, 'क्ष' ले क्षमा गर्ने व्यक्ति र 'क' ले कमजोरी दूर गर्ने व्यक्तिलाई पनि जनाउन सकिन्छ।

शिक्षक ती व्यक्ति हुन्, जसले सिकाइका लागि प्रेरणा दिन्छन्, बाटो देखाउन निर्देशित गर्छन्, हौसला प्रदान गर्छन् र ज्ञानलाई माया र प्रसार गर्दछन्। गुरुलाई आदर्श पुरुषको रूपमा पनि मानिएको छ। अर्थात् निष्काम कर्म मार्गदर्शन सिद्धान्त भएको व्यक्ति गुरु हुन्।

शिक्षण अत्यन्तै सम्मानित र मर्यादित पेशा हो। शिक्षक समाजका सचेत र बौद्धिक वर्ग हुन्। मुलुकको प्रजातान्त्रिक, लोकतान्त्रिक, गणतान्त्रिक लगायत राजनीतिक, सामाजिक र सांस्कृतिक सबैखाले आन्दोलनमा शिक्षकहरूको अमूल्य योगदान रहेको छ।

तर विडम्बना, तिनै चेतनशील वर्ग आज आफ्नो हकअधिकार र पेशागत मर्यादाका लागि सडकमा उत्रिनुपरेको छ। पेशागत सुरक्षा र अस्तित्वका लागि विद्यालय बन्द गरेर जीवन-मरणको लडाइँमा होमिनुपरेको छ।

अरूमा चेतना भर्ने शिक्षकहरूले आफ्नो मानमर्दन गरिएको र अपमानित भएको याचना गरिरहेका छन्। यो अत्यन्तै चिन्ताको विषय हो।

शिक्षकको शैक्षिक योग्यता कति ?

संसदमा हालै दर्ता भएको विद्यालय शिक्षा सम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकमा कक्षा १ देखि ५ सम्म जुनसुकै विषयमा पढाउनका लागि न्यूनतम स्नातक तह उत्तीर्ण गरेको हुनुपर्ने योग्यता निर्धारण गरिएको छ। कक्षा ६ देखि ८ सम्मको लागि सम्बन्धित विषयमा स्नातक तह र माध्यमिक तहमा अध्यापन गराउने शिक्षकले अनिवार्य रूपमा स्नातकोत्तर हुनुपर्ने उल्लेख छ।

उता निजामतीतर्फ भने खरिदार हुनका निम्ति एसईई वा सोसरह शैक्षिक योग्यता तोकिएको छ। नासुका लागि १२ वा सोसरह र अधिकृतका लागि स्नातक वा सोसरह तोकिएको छ। उस्तै लेबल, एउटै हैसियत र समान मर्यादाक्रमका लागि योग्यतामा किन यति धेरै तल-माथि ?

प्रावि शिक्षक बन्ने योग्यता बढाएर स्नातक बनाइरहँदा उक्त शिक्षकले अधिकृत सरहको सेवा-सुविधा पाउँछन् कि पाउँदैनन् ? यो शिक्षकको मर्यादा माथि उठाउने प्रयास हो या अपहेलित गर्ने दुराशय ? प्रश्न उठेका छन्।

मास्टर डिग्रीमा अंग्रेजी, गणित र विज्ञान पढेका व्यक्तिहरू के मावि शिक्षककै रूपमा बसिरहलान् ? ती पदमा शिक्षा आयोगले योग्य उम्मेदवार पाउन सक्ला ? १२ कक्षा पास गर्नेबित्तिकै विद्यार्थी विदेश जान लर्को लागेको वर्तमान अवस्थामा यस्तो व्यवस्थाले युवाहरूलाई स्वदेशमै टिकाउन सक्ला कि झन् अझ बढी विदेशिन बाध्य बनाउला ? आशंका र प्रश्न दुवै उब्जिएका छन्।

सरुवा-बढुवा स्थानीय सरकारले : उचित कि अनुचित ?

विधेयकको दफा ३, ४, ५ र ६ अनुसार विद्यालय स्थापना तथा सञ्चालनको अधिकार स्थानीय सरकारलाई दिइएको छ। विधेयकमा शिक्षक सरुवा स्थानीय तहले गर्ने व्यवस्थाको प्रस्ताव गरिएको छ।

विधेयकमा स्थानीय तहले सोही स्थानीय तह अन्तर्गतको एक सार्वजनिक विद्यालयबाट अर्को सार्वजनिक विद्यालयमा तथा एक स्थानीय तहले अर्को स्थानीय तहमा सरुवा गर्न सक्ने व्यवस्था गरिएको छ।

यस्तो व्यवस्थाले राजनीतिक आग्रह र पूर्वाग्रहको खेलले झनै शिक्षण पेशा र विद्यालयमा द्वन्द्व सृजना गर्ने र शिक्षकलाई सीधै राजनीतिक सिकार बनाउने त होइन ? आशंका उब्जिएको छ। शिक्षकलाई राजनीतिक गुलाम बनाई राजनीतिक व्यक्तिका कृपामा रहनुपर्ने अवस्थाको सिर्जना गर्ने प्रशस्त सम्भावना यसले खोलिदिएको छ।

स्थानीय सरकारका जनप्रतिनिधि तथा सत्ता समूहले आफूभन्दा फरक विचारधारा र पृष्ठभूमिको शिक्षकमाथि जबर्जस्ती यस्ता अधिकार प्रयोग गर्न सक्ने सम्भावना अत्यधिक बढाएको छ। पालिकाको प्रमुखलाई चित्त नबुझेसम्म, राजीखुशी नभएसम्म न कुनै शिक्षक सरुवा हुनसक्छ न त कुनै शिक्षक टिक्न नै। अन्तत: शिक्षण पेशा सरुवा र बढुवाको स्वार्थको कारण भ्रष्टीकरण र विवादको चपेटामा नपर्ला भन्न सकिन्न।

विधेयकमा भएको प्रावधानले कुनै पनि शिक्षक प्रत्यक्ष-अप्रत्यक्ष रूपमा राजनीतिक दल वा व्यक्तिबाट प्रभावित हुने देखिन्छ। स्थानीय सरकारका जनप्रतिनिधिहरूको राजनीतिक स्वार्थले शिक्षकको शिक्षण भविष्यमाथि पूर्वाग्रही भएर राजनीतिक खेल खेल्ने स्थान पाउने अवस्था छ।

यसले उल्टो विवादको जटिलतामा शिक्षकहरूलाई धकेल्न सक्छ। यस्ता विभागीय कारबाहीको अधिकार राजनीतिक आदर्श र पृष्ठभूमिबाट आएको स्थानीय सरकारलाई कसरी दिन मिल्छ ? यो शिक्षण पेशाको मानमर्दन होइन भनेर कसरी ग्यारेन्टी गर्ने ? तमाम प्रश्न उठेका छन्।

ट्रेड युनियन अधिकारबाट पनि वञ्चित ?

प्रस्तुत विधेयकको दफा ७३ मा राजनीतिक क्रियाकलापमा संलग्न हुन नहुने व्यवस्था गर्दै शिक्षकले आफ्नो आस्था र विचार राख्न नपाउने समेत उल्लेख गरिएको छ।

विधेयकको दफा ८८ को उपदफा (१) को खण्ड (ग) अनुसार राजनीति दल वा दलसँग आवद्ध संगठनको सदस्यता लिएमा, राजनीतिक गतिविधिमा संलग्न भएमा शिक्षकलाई भविष्यमा विद्यालय शिक्षक सेवाको निम्ति अयोग्य नठहरिने गरी सेवाबाट हटाउन सकिने व्यवस्था छ। शिक्षकलाई ट्रेड युनियनमा आबद्ध हुने अधिकारबाट समेत वञ्चित गरिएको छ।

शिक्षक विचारशून्य हुँदैनन्। आफ्नो सरकार कस्तो चुन्ने ? कुन दल र व्यक्ति छान्ने र कसका पक्षमा जनमत सिर्जना गर्ने भन्ने शिक्षकको लोकतान्त्रिक र संवैधानिक अधिकार हो। यो संवैधानिक अधिकारको हनन विधेयकले गर्न मिल्दैन। आफ्नो सरोकार, आफ्नो पेशा र आफू प्रत्यक्ष र अप्रत्यक्ष रूपमा प्रभावित हुने विषयमा संलग्न हुन नपाउने विषय एक प्रकारको संवैधानिक अधिकारको हनन होइन भनेर कसरी पत्याउने ?

लोकतान्त्रिक राज्य व्यवस्थामा हरेक पेशा-व्यवसायका आ-आफ्नै भूमिका र महत्व हुन्छन्। सबै पेशा-व्यवसायका ट्रेड युनियन अधिकार सुरक्षित गरिएको हुन्छ। पेशागत हक, अधिकार र सम्मानको रक्षा गर्नु लोककल्याणकारी राज्यको दायित्व पनि हो।

लोकतान्त्रिक दलीय व्यवस्थामा कुनै विचारसँग नजिक हुँदैमा राजनीति गरेको सोच्नु गलत कुरा हो। यो अति निरंकुशतावादी र एकलकाँटे सोच हो। यस्ता अप्रजातान्त्रिक प्रावधानले शिक्षकको मनोबल बढाउला कि झन् घटाउला ? सोचनीय विषय छ।

बहुविवाहमा सजाय शिक्षकलाई मात्र ?

विधेयकमा शिक्षकले बहुविवाह गरेको खण्डमा विशेष सजाय हुने व्यवस्था गरिएको छ। त्यसो त नेपालको मुलुकी अपराध संहिताले नै नेपालमा बहुविवाह दण्डनीय हुने व्यवस्था गरिसकेको छ।

विवाहित पुरुषले वैवाहिक सम्बन्ध कायम रहेको अवस्थामा अर्को विवाह गर्न र कुनै पुरुष विवाहित हो भन्ने जानी-जानी त्यस्तो पुरुषसँग कुनै पनि महिलाले विवाह

बांकी ५ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२०००० 
इटहरी बारुणयन्त्र ५८०१०१ 
धरान बारुणयन्त्र ५२०१९९ 
इनरुवा बारुणयन्त्र ५६०१०१ 
दमक बारुणयन्त्र ०२३-५८०१०१ 
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३ 
नेरेसो रंगेली ५८००४८ 
बिराटनगर उपमनपा ५२२२३६

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४ 
रंगेली अस्पताल ५८००४८ 
आँखा अस्पताल ५२३७०६ 
सुरक्षा अस्पताल प्रा.लि. 
०२१-५३६९४१, ५२२८७७ 
एम्बुलेन्स ९८०२७५३७१७, 
९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय 
०२१-४३५००१ 
जिल्ला प्रहरी कार्यालय 
५३०३५८, ५२३९०१,१०० 
नगर प्र.का.. बिराटनगर 
५२१८५०, ५३०३६७, ११०, 
इ.प्र.का. रंगेली 
८०१००८०१३० 
इ.प्र.का. उर्लाबारी 
०२१-५४०००२ 
सिमा प्रहरी चौकी 
०२१-४३५८४०

# जिल्ला प्रहरी कार्यालयको ठूलो सफलता
# पेस्तोल, रड, लाठी देखाई लुटपाटमा संलग्न पक्राउ

विराटनगर । बिगत केही समय देखी मोरङ तथा सुनसरी जिल्लाका विभिन्न स्थानहरुमा रातको समयमा एकान्तको फाईदा उठाउदै बाटो ढुकी योजनावद्ध रुपमा कटुवा पेस्तोल, रड, लाठी लगायतका घरेलु हातहतियार देखाई कुटपिट गरी ज्यान मार्ने धम्की दिई लुटपाट गर्ने कार्यमा संलग्न भएको आरोपमा ६ जनालाई पक्राउ गरी जिल्ला प्रहरी कार्यालय मोरंगले २४ गते आईतवार सार्वजनिक गरको थियो ।



लुटपाटमा संलग्न रहेको आरोपमा पक्राउ पर्ने दुहवी नगरपालिका-४ का नसुदिन मिया, दुहवी-१ का अलिम मुर्तुजा, दुहवी-६ का मो.आलम, बुढिगंगा-४ का रिजवान मिया, बुढिगंगा-५ का नजरुल मिया, बुढिगंगा-४ का सिजाम आलमलाई पत्रकार सम्मेलन गरी सार्वजनिक गरको थियो ।

प्रहरीले सामुहिक लुटपाट गिरोहमा संलग्न लुटेराहरुले प्रयोग गर्ने गरेको मोटरसाईकल, कटुवा पेस्तोल, मोटर साइकल लक खोल्ने मास्तर चावी, रड लगायतका हातहतियार सार्वजनिक गरेका छन् । लुटपाटवाट पिडित भएका हरुको सुचनाको आधारमा ईलाका प्रहरी कार्यालय दुहवीसँग सहकार्य गरेर सामुहिक लुटपाटमा संलग्न मोरङ र सुनसरीका लुटेराहरुलाई पक्राउ गर्न सफल भएको एसपी दिपक पोखरेल बताएका थिए ।

मोरङ प्रहरीले भाद्र २४ गते विराटनगर-१६ बाट भारतबाट नेपाल तर्फ आइरहेका भारत बिहारका चन्दनकुमार यादवलाई १० लाख ५० हजार भारु सहित पक्राउ गरेका छन् । ईलाका प्रहरी कार्याल रानीका प्रमुख प्रहरी निरिक्षक सन्दिप बेल्वासे नेतृत्वको टोलीले भारु रुपैयाँ सहित यादवलाई पक्राउ गर्न सफल भएका पत्रकार सम्मेलन मार्फत जानकारी गराएका थिए ।

जिल्ला प्रहरी कार्यालय मोरंगले पत्रकार सम्मेलन गरी जारी गरीएको विज्ञप्तीको विस्तृत विवरण :

बिगत केही समय देखी मोरङ तथा सुनसरी जिल्लाका विभिन्न स्थानहरुमा रातको समयमा एकान्तको फाईदा उठाउदै बाटो ढुकी योजनावद्ध रुपमाकटुवा पेस्तोल, रड, लाठी लगायतका घरेलु हातहतियार देखाई पिडितलाई कुटपिट गर्दै ज्यान मार्ने धम्की दिई लुटपाट गर्ने गरेको भनी विभिन्न पिडितहरुले जिल्ला प्रहरी कार्यालय मोरङमा सुचना दिएकोमा त्यस्तो गिरोहको पहिचान गरी नियन्त्रणमा लिन विशेष अपरेशन ' ओपरेशन 'शेरा ब्राभो हन्ट' अन्तर्गत टोलीगठन गरीइलाका प्रहरी कार्यालय दुहवी समेतको समन्वयमा परिचालन गरिएको ।

मिति २०८० भाद्र २२ गते रातको ११:३० बजेको समयमा जिल्ला मोरङ बुढिगंगा गाउँपालिका वडा नं. ५ कोयलपुर क्षेत्रमापैदल हिंडिरहेका ३ जना व्यक्तिहरुलाई लुटपाट गर्न खोजेको भनी प्रहरी कन्ट्रोलमा सुचना प्राप्ते भई तत्काल त्यस तर्फ प्रहरी निरीक्षकको कमाण्डमा टोली परिचालन भएकोमा मिति २०८ भाद्र २२ गते रातको ११:४५ बजेको समयमाबुढिगंगा-५ कोयलपुर क्षेत्रको नहर सडकमा शंकास्पद रुपमा हिंडिरहेका ६ जना व्यक्ति हरुलाई नियन्त्रणमा लिएको ।

अनुसन्धानको क्रममा मिति २०८० भाद्र २३ गते अं. १४:०० बजेको समयमा बुढिगंगा-५ स्थित मुस्लिम टोलबाट जिल्ला प्रहरी कार्यालय मोरङका प्रहरी नायव उपरीक्षकको कमाण्डमा खटिएको प्रहरी टोलीले लुटपाटमा प्रयोग भएका निम्न हातहतियार, सवारी साधन तथा पीडितबाट लुटिएको गरगहना, मोवाईल फोन तथा नगद बरामद गर्न सफल भएको ।

अनुसन्धानकै क्रममा जिल्ला प्रहरी कार्यालय मोरङ र सुनसरीको संयुक्त समन्वयमा परिचालन भई कोर्डन एण्ड सरच गर्दा २०८० भाद्र २४ गते अं. १०:०० बजेको समयमा बुढिगंगा-४ पोठिया स्थित रिजवान मियाको घरको छानामा लुकाई छिपाई राखेको अवस्थामा मिति २०८० भाद्र २२ गते ई.प्र.का. दुहबी सुनसरीबाट ड्यूटीमा खटिएको सादा पोशाकको प्रहरी टोलीलाई आक्रमण गरी घाईते बनाई लुटी लगेको प्रहरीको चाईनिज पेस्तोल थान-१ प्रहरी टोलीले बरामद गर्न सफल भएको ।

पक्राउ परेका ब्यक्तिहरू :

१. जिल्ला सुनसरी दुहवी नगरपालिका वडा नं.-४ बस्ने बर्ष ३२ को नसुदिन मिया,

२. जिल्ला सुनसरी दुहवी नगरपालिका वडा नं.-१ बस्ने बर्ष ३० को मो.अलिम मुर्तुजा,

३. जिल्ला मोरङ बुढिगंगा गाउँपालिका वडा नं.-४ बस्ने बर्ष ४० रिजवन मिया,

४. भारत घर भई हाल जिल्ला सुनसरी दुहवी नगरपालिका वडा न.-६ बस्ने बर्ष ४० को मो.आलम,

५. जिल्ला मोरङ बुढिगंगा गाउँपालिका वडा नं.-५ बस्ने बर्ष २१ को मो. नजरूल मिया,

६. जिल्ला मोरङ बुढिगंगा गाउँपालिका वडा नं.-४ बस्ने बर्ष २५ को सिजाम आलम ( सिजाम मोबाईल सेन्टरको सञ्चालक),

पूर्व आपराधिक पृष्ठभुमी :

प्रतिवादी रिजवान मिया वि.सं. २०६४ देखी २०७९ सम्म गरी जम्मा १० वटा अपराधमा संलग्न रहेकोमा जि.प्र.का. मोरङ र सुनसरीबाट अनुसन्धान पश्चात सम्मानित अदालतमा मुद्धा दर्ता भएको । निज बिरुद्ध डाका ज्यान, चोरी, हात हतियार खर खजाना, ज्यान मार्ने उद्योग लगायतका मुद्धामा अनुसन्धान भई निज २०७० सालमा हात हतियार मुद्धामा पुर्पक्षको लागि कारागार चलान भएको । प्रतिवादी रिजवान मिया २०६४ सालको डाँका मुद्धा र २०६५ सालको डाँका ज्यान मुद्धाको फरार प्रतिवादी समेत रहेको ।

बरामद दसीहरु

(क) हातहतियार

१. चाईनिज पेस्तोल त्थउभ छड थान-१,

२. कटुवा पेस्तोल थान-१,

३. रड थान-३,

४. धारिलो हतियार चक्कु थान-२,

५. पेचकस थान-१

(ख) सवारी साधन

१. भारतीय नम्बर प्लेट ( बीआर ३८४ ७६८०) भएको सुपर स्पलेण्डर मोटरसाईकल थान-१,

२. नेपाली नम्बर प्लेट (को २२ प ५९०१) भएको आर १५ मोटरसाईकल थान-१,

(ग) नगद, गरगहना, मोवाईल

१. नेपाली नगद रू. १, ७५, २७५।- (एकलाख पचहत्तर हजार दुईसय पचहत्तर)

२. भारतीय नगद रू.११, ६००।- (एघार हजार ६ सय)

३. साउदी ऱ्याल-६, मलेसियल रिङ्गिट-६, यूएइ धिरहम-५, यूएस डलर-२ सेन्ट, सिंगापुर डलर १ सेन्ट, बंगलादेशी टाका २ ।

४. सुनको जस्तो देखिने गहना (झुम्का १ जोर, तिलहरी थान-१

५. चाँदीको जस्तो देखिने तिन लहरे सिक्री थान-१, पाउजु १ जोर

६. स्मार्ट फोन थान-११ टेक्नोस्पार्क-१, भिभो-१, रेडमी-४, रियलमी-१, हुवाई-१, सेमसुङ्ग-२, एमआई-१

७. बटन किवोर्ड-१, फोन थान-५, इन्टेल-१, इनटेक्स-१, कलर्स-१, लाभा-१, केचाउडा-१

८) मेमोरि कार्ड थान-१२ ।

अपराध कार्यविधी : odus Operandi

- रातको ११ बजे पछी विहानको ४ बजे सम्म घटना घटाउने गरेको

- एकान्त स्थानहरुमा वाटो ढुकी सवारी साधन रोक्ने गरेको

- ठुलो टर्च लाईट आँखामा बाली प्रहरीको चेकिङ हो भन्ने भान पार्दै सवारी साधन रोक्ने गरेको

- ३/४ जना जती बाटोमा देखिने गरी बस्ने र बाँकी अन्य व्यक्तिहरु अगाडी र पछाडी पिडितलाई भाग्न उम्कन नदिन बाटो छेकी ढुक्ने गरेको

- सवारी साधन रोकेपछी हतियार, रड, लाठी देखाई पिडितको साथमा रहेको नगद, गरगहना, विद्युत्तिय उपकरण लुटपाट गर्ने गरेको

- पिडितले प्रतिकार गर्ने प्रयास गरेमा निर्घात कुटपिट गर्ने गरेको

- दैनिक जसो स्थान परिवर्तन गरी घटना घटाउने गरेको ।

आपराधिक गिरोह संलग्न रहेका श्रृङ्खलाबद्ध लुटपाटका घटनाहरु

१. २०८० भाद्र २ गते अन्दाजी ००:१५ बजेको समयमा हरैचाबाट बिराटनगर आउने क्रममा झोराहाट क्षेत्रमा मोटरसाईकलमा सवार ३ जना मानिसहरुले पेस्तोल, रड, लाठी लगायतका हतियार देखाई कुटपिट गरी लुटपाट गरेको ।

लुटपाट गरेको सामान

- नगद ५,०००।-

- २ आनाको टप (दुई वटा)

- नोकिया-६ आर मोवाईल फोन र उक्त मवाईलमा प्रयोग भएको सिम थान-१।

२. २०८० भाद्र ३ गते अन्दाजी रातको ०२:४५ बजेको समयमा बेलेपुर बिद्युत अफिस छेउमा सिटिसफारीलाई रोकी उक्त सिटिसफारीको चालक र सो मा सवार यात्रिलाई पेस्तोल, रड, लाठी लगायतका हतियार देखाई कुटपिट गरी लुटपाट गरेको ।

लुटपाट गरेको सामान

- ५ थान मोवाईल फोन,

- नगद रु. ५ हजार,

३. २०८० भाद्र ३ गते विहानको अन्दाजी ३:३० बजेको समयमा ग्रामथान-५ स्थित गिदनी पुलमा मोटरसाईकलमा सवार पुरुष व्यक्तिलाई रोकि पेस्तोल, रड, लाठी लगायतका

वांकी अन्तिम पेजमा...

# श्रीगणपति महोत्सव भव्यताका साथ सम्पन्न

विराटनगर । श्री गणपति महोत्सव समितिलले विराट नगरको ठाकुरवाडी रोड, रामजानकी मन्दिर अगाडी श्री सिद्धिविनायक गणपतिको विशेष पुजा आराधना गरी भव्यताका साथ सम्पन्न गरको छ ।

श्री गणपति महोत्सवक आसोज २ गते देखि शुरु भएको थियो । सोही दिन देखि पाँच दिनसम्म श्री गणमति बप्पा मोरीयाको धुनमा विराटनगर बासी झुमेका थिए ।

विगत वर्ष झैं यस वर्ष पनि बिश्व शान्तिको कामना आयोजकले ऐतिहासिक धार्मिक नगरी विराटनगरमा विगतका वर्षहरु झै यसवर्ष पनि २०८० सालको श्री गणपति महोत्सव विभिन्न धार्मिक एवं सांस्कृतिक कार्यक्रमहरु सहित भव्य रुपमा मनाउँदै सम्पन्न गरका छन् ।

श्री गणपति महोत्स शनिवार अन्तिम दिन अर्थात असोज ६ गते शनिवार सैयौ भक्तजनहरुको सहभागीतामा शोभा यात्रा निकाली सो सोभायात्रा ठाकुरवाडी रोडवाट शुरुभई पंजमुखी हनुमान मन्दिर, ट्रफिक चौक, रोडशेष चौक, महेन्द्र चौक, महावीर चौक, महावीर रोड,



गर्दै आयोजना गरिएका गणपति महोत्सको मुख्य आकर्षणको रुपमा गणेश भगवानलाई भोग चढाइँने ५१ किलोको लड्डु रहेको थियो भने पुजा अवधि भरमा करीब ३ सय केलो लड्डु र बुनियाको प्रसाद वितरण गरिएको थियो । काली मन्दिर, सत्यनारायण मन्दिर हुँदै तीनपैनी चौक हुँदै हनुमान मन्दिर अगाडी सिघिया खोलामा श्री गणमति भगवानलाई विसर्जन गरकोका छन्

श्री गणपति महोत्सव विगत २०६४ सालदेखि निरन्तर रूपमा लाग्दै आएका छन ।

# डाक्टर लिली सम्मानित

विराट जागृति कला केन्द्रद्धारा डाक्टर लिलि राजवंशीलाई सम्मानित गरिएको छ ।

उक्त सम्मान कार्यक्रमका प्रमुख अतिथि विराटनगर महानगरपालिकाका उप मेयर शिल्पा निराला कार्की र विराट जागृति कला केन्द्रका अध्यक्ष काशी राजवंशीले प्रदान गरको हो ।

विगत लामो समयसम्म आँखाको विषेशज्ञ क्षेत्रमा २० हजार भन्दा बढि आँखाको सफल शाल्यक्रिया गरी सेवाग्राहीलाई सेवा दिदै आएकोले सो कार्यको उच्च मुल्यावंकन गर्दै सम्मान गरिएको हो ।

मोरङ्गको कटहरी गाउँपालिका वडा नं. ३ स्थायी घर भई हाल आफ्नो कर्मथलो विराटनगर महानगरपालिकामा वस्दै आएकी डाक्टर लिलि राजवंशी विराटनगर आँखा अस्पतालमा कार्यरत छिन् । डाक्टर राजवंशी एसिस्टेन प्रोफेसर एमविविएस, फेलोसिप इन भिक्ट्रो रेटिना, सिनियर ओप्यामोलोजिस्ट एण्ड भिक्ट्रो रेटिना कन्सलटेन्ट, विभाग प्रमुख अहिले रेटिना विभाग सम्माहालि रहनु भएको छ ।

सो कार्यक्रममा वुद्धिजिवी तथा समाजसेवी लगाउतको उलेख्य उपस्थिति रहेको थियो ।




# वातावरण, प्रदुषण र संरक्षणका उपाय

मकवानपुर । हाम्रो वरिपरि हामीले देखेका माटो, हावा पानी, प्राणी, वनस्पति लगायतका सबै सन्तुलित अवस्था वातावरण हो ।

प्रकृति,जीवन, मानव निर्मित तत्वहरू, समाज र संस्कृतिको समष्टिगत रुप नै वातावरण हो । वातावरणमा समावेश भएका हरेक तत्वहरु सन्तुलित रुपमा आफ्नो क्षेत्र, स्थान र समयमा अवस्थित हुन्छ ।

वातावरण भौतिक, रसायनिक र जैविक, साथै सामाजिक र सांस्कृतिक जस्ता विभिन्न घटकहरू मिलेर बनेको हुन्छ । यी अवयवहरू, मूर्त र अमूर्त, एक अर्कामा सम्बन्धित छन् । तिनै तत्वहरुले नै पृथ्वीको हरेक ठाउँको जीवनको विशेषता र विकास स्थापित गर्दछ ।

भौगोलीक, जैविक तथा रसायनिक तत्वहरुको सन्तुलित सेटलाई हामी सन्तुलित वातावरण भन्न सक्छौं ।

वातावरणको कारक तत्वहरूका उदाहरणका रुपमा जनावर, बोटबिरुवा, मानव, माटो, हावा, पानी, मौसम, भू-विज्ञान, सांस्कृतिक अभिव्यक्ति, सामाजिक र आर्थिक सम्बन्ध, व्यावसायिक पेशा, शहरी योजना, सशस्त्र टकराव आदि हुन् ।

वातावरण प्रदुषण :

हामीले देखेका वातावरणमा असन्तुलन आउनु भनेको वातावरण प्रदुषण हो । हाम्रो वरपरको वातावरण सफा नहुनु र प्राकृतिक अवस्थामा आउने नकारात्मक प्रभाव नै वातावरण प्रदूषण हो । अहिले वातावरण प्रदुषण विश्वव्यापी समस्या बनेको छ ।

वातावरण प्रदुषणलाई वायु प्रदुषण, ध्वनि प्रदुषण, खाद्य प्रदुषण, औद्योगिक , भुमि आदि विभिन्न प्रदुषणको रुपमा लिन सकिन्छ । हावा, पानी, जमिन आदिमा विभिन्न कारणले भौतिक, जैविक तथा रासायनिक पविर्तन आई तिनीहरुको गुणस्तरमा हस आउने प्रकियालाई हामी वातावरणिय प्रदुषण भन्न सक्छौं ।

वर्तमान अवस्थामा मानवीय क्रियाकलापले वातावरणमा नकरात्मक असर पुर्‍याएको छ । विगतदेखि नै मानवीय क्रियाकलापका कारण प्राकृतिक वातावरणको गलत प्रयोग बढिरहेको छ । जसलाई वातवरण प्रदुषको रुपमा लिन सकिन्छ ।

मानव सजिव प्राणी हो । जसले वातावरणमा सबैभन्दा धेरै हस्तक्षेप गर्दछ । वातावरणीय सन्तुन विग्रन्छ । वातावरणको सन्तुलित प्रयोगबाट नै सवैको कल्याण हुन्छ । वातावरणको परिमार्जन गर्नु वा श्रोतहरू अनुचित प्रयोगबाट विभिन्न समस्याहरु उत्पन्न हुने गर्दछ ।

मानवीय क्रियाकलापबाट प्राकृतिक स्रोतहरूको दुरुपयोग हुनु नै वातावरण प्रदुषणको रुपमा लिन सकिन्छ ।

हाल भइरहेको मानवीय गैर वातवरणिय क्रियाकलापले वातावरणीय प्रदूषणको संकेत गर्दछ । वातावरणिय तत्वहरूको उपस्थितिमा असन्तुलन हुँदा त्यसले स्वास्थ्य, सुरक्षामा हानी गर्दछ ।

इको-सिस्टमको जीवित अवस्था र प्राकृतिक विशेषताहरू जोखिममा पार्नु वा अर्को शब्दमा वातावरणीय प्रदूषणले हावा, पानी र माटो, साथै वनस्पति र जीवजन्तुलाई ठूलो क्षति पुर्‍याउँनु लाई वातावरण प्रदुषण भन्न सकिन्छ ।

मानिस वातवरण प्रदुषणको मुख्य कारक तत्व हो । हाम्रो दैनिकि अनि हाम्रा बानि व्यवहार यति बेला प्रकृतिको विनासको कारण बनेको छ । दिन प्रतिदिन बढ्दै गरेको वन विनास, बढ्दो शहरिकरण अनि जनसंख्या चापका कारण हामी प्राकृतिक विपति अनि वातावरणको अवस्था खल्बलिएको पाउछौं ।

त्यसो त हाम्रा पिता ,पुर्खाले बाँचेको उमेर हामीले बाँच्न पाउने कल्पना गर्न नि सकिन्न , कहाँ हाम्रा पिता पुर्खा अर्गानिक खानपानमा हुर्केका कहाँ हामी विषादी युक्त तरकारी र फलफुल खाने दैनिकिमा ।

वन जङ्गल फडानी गर्नु, जथाभावी फोहोर फाल्नु, पूराना सवारी साधनहरू चलाउनु आदि विभिन्न कारणले वातावरण प्रदूषण भईरहेको छ । पछिल्लो समयको तथ्यांक हेर्ने हो भने विश्वमा प्रति वर्ष २५ लाख हेक्टर भन्दा बढी वन क्षेत्र घटीरहेको छ । करिब ३४ लाख भन्दा बढी जमिन भु-क्षयबाट असर परेको देखिन्छ । यि सबैको कारण बढ्दो जनसंख्या र प्रकृति माथिको अव्यवस्थित दोहन् नै हो । वातावरण भौतिक, रसायनिक र जैविक,सामाजिक र सांस्कृतिक जस्ता विभिन्न घटकहरू मिलेर बनेको हुन्छ । यि सबै तत्व एक अर्कामा सम्बन्धित छन् र हरेक ठाउँको जीवनको विशेषता र विकास स्थापित गर्दछ । मानव क्रिया कलापले वातावरणमा नकरात्मक असर पुर्‍याईरहेको छ । जसका कारण हरेक दिन वनस्पति र जीवजन्तु लोप हुँदैछ, औद्योगिकी करणले वातावरणीय प्रदूषणको स्तर बढाएको छ, जनसंख्या बृद्धि निरन्तर भइरहेको छ र प्राकृतिक स्रोतहरू अनियन्त्रित रूपमा खपत भइरहेको छ जसको बदलामा हामि विनाश निम्ताईरहेका छौं ।

वातावरणिय सन्तुलनको वेवास्ता गर्दै गरीएको औद्योगिकी करणले वातावरणीय प्रदूषणको स्तर बढाएको छ । निरन्तर रुपमा भइरहेको जनसंख्या वृद्धिले पनि वातावरण प्रदुषण्लाई प्रत्साहन गरेको देखिन्छ । उक्त जनसंख्या वृद्धिले प्राकृतिक स्रोतहरू अनियन्त्रित रूपमा खपत हुने र वातावरणिय सन्तुलन विग्रिने गर्दछ । विश्वमा भईरहेको वातावरण प्रदुषण हामिले सन्तुलन गर्न हाम्रो दैनिकि अनि हाम्रा प्राकृतिक दोहन गर्ने क्रियाकलापमा सन्तुलन गर्न जरुरी छ ।

अहिले देश संघियतामा गए पश्चात हरेक गाउँ गाउँमा सिंहदरबार भन्ने नारा जति सुनिन्छ त्यति नै वातावरण तिनै शब्द पछिको गुन्जनले क्षत विक्षत छ । हरिया डाँडा पाखाहरु विकासका नाममा नयाँ निर्माण गरिएका सडक पूर्वाधार र बाटोका कारण ध्वस्त भईसकेको छ । वन जंगल, जल श्रोत यिनै अव्यवस्थित वस्ती अनि विकासका कारण अफ्ठेरोमा छ । हामिले चाहेको दिगो विकासमा प्राकृतिक श्रोतको दोहन पछिको अवस्था मात्रै छ, हरेक पाखा पाखामा बनिने बाटोहरु, हरेक क्षेत्रमा भईरहेको शहरिकरणले वातावरणलाई तीर हान्ने काम गरेको छ ।

हामी जब सम्म वातावरण भनेको पृथ्वी हो भन्ने बुझ्न सक्दैनौ तब सम्म हामीले हाम्रो वातावरण जोगाउन सक्दैनौं । हरेक वर्ष जुन ५ तारिखमा बनाईने वातावरण दिवसका दिन हेर्ने हो भने हाम्रा सामाजिक संजाल र संचार माध्यममा वृक्षारोपण र सरसफाई गरेका तस्विर हेर्न सुन्न र देख्न पाईन्छ । हामि वातावरण सफाई पर्वका रुपमा लिई रहेकाछौं । अनि यसको प्रयोग चै अधिकार सम्झिरहेका छौ । यसले आगामी पुस्तालाई स्वच्छ हावा र वातावरण हस्तान्तरण गर्न सक्ने अवस्था देखिन्न । समयमा वातावरणको प्रदुषण रोक्न अनि वातावरण संरक्षणमा हातेमालो गर्न सकिएन भने हामि हाम्रा पुस्तालाई रोगि कोठामा जन्म दिन बाध्य हुनेछौं ।

वायु प्रदुषणबाट हुने दमका रोगीहरु हरेक घरघरमा हुनेछन् , त्यसैले समयमा यस विषयमा सबैको ध्यान जान जरुरी छ ।

जुन ५ लाईमात्र वातावरण को महत्वका बारे सचेतना दिनेअनि जागरुक बनाउने दिनका रुपमा मनाउने परिपार्टिको विकास गरियो भने हामी हरेक दिन रोगको शिकार बन्नेछौं ।

हरेक दिनलाई जुन ५ बनाउन सकियो भने हामी हरेक दिन स्वच्छ हावा अनि स्वस्थ जीवन जिउन सक्नेछौं ।

वातावरण प्रदुषणका कारणहरु:

१. अव्यवस्थित औद्योगिक विकास गर्नु

२. जथाभावि उत्खनन् गर्नु

३.वैज्ञानिक कृषि प्रणालि अबलम्ब नगर्नु

४.जथाभावि फोहोर गर्नु वा व्यवस्थापन नगर्नु

५. प्लाष्टिकहरुको प्रयोग तथा प्लाष्टिक जन्य वस्तु जलाउनु

६. पुराना सवारी साधनहरुको प्रयोग गर्नु

७. वन जंगलको विनास गर्नु

८. वातावरण शिक्षको कमि तथा जनचेतनामा कमि हुनु

वर्तमान समयमा भइरहेको अव्यवस्थित औद्योगिक करणले वातावरणलाई प्रदुषित वनाएको छ । वातावरण मैत्रि उद्योगधन्दा र कलकारखाना नहुनु आजको समयमा ठुलो समस्या वनको छ । उद्योगबाट उत्पादित फोहोरहरुको उचित व्यवस्थापनमा वेवास्ताले वातावरण प्रदुषणलाई सघाउ पुर्‍याएको छ ।

विभिन्न विकासका वाहानामा वातावरणिय सन्तुलनमा खलल आउने गरी जथाभावी उत्खनन् गर्नु वातावरणको लागि हानीकारक बनेको छ । पर्यावरणिय सन्तुलनलाई नै चुनौति दिँदै भइरहेको विकास पूर्वाधारको कामहरुका कारण वातावरण प्रदुषणमा ठुलो भूमिका खेलेको देखिन्छ । सडक निमार्ण तथा अन्य भौतिक पूर्वाधारको निर्माणको लागि वन जंगल फडानि गरी भौगोलिक अवस्थाको जानकारी नै नलिइ भइरहेको उत्खनन्ले वातावरण प्रदुषणलाई प्रसय दिइरहेको छ ।

कृषि क्षेत्रमा भएका विभिन्न प्रकारका आविष्कारको प्रगो नगर्दा पनि वातावरण प्रदुषण भइरहेको छ । कृषि कार्यमा भएको यन्त्रीकरणलाई वातावरण मैत्री वनाउन तर्फ भइरहेको आविष्कारको उचित प्रयोग, विषादीको अनुचित तवरबाट भइरहेको प्रयोगले वातावरण प्रदुषणको कारण बनेको छ ।शहर बजार तथा उद्योगबाट उत्पादित फोहोर मैलाको उचित व्यवस्थापन गर्दा वातावरण संरक्षणमा सघाउ पुग्ने गर्दछ । फोहोर मैलाको व्यवस्थापनमा वेवास्ता गर्दा वातावरण सन्तुला विग्रन्छ । वातावरणिय विभिन्न तत्वमा असर पुग्ने गर्दछ । वातावरण संरक्षणका लागि शहर बजार तथा उद्योगहरुबाट निस्केका फोहोर मेलाको उचित व्यवस्थापन जरुरी देखिएको छ ।

बढी मात्रामा प्लाष्टिक र प्दलाष्टिक जन्य सामग्रीको प्रयोग र व्यवस्थापन हुन नसक्दा वातावरण प्रदुषित हुने गर्दछ । घरमा प्रयोग भएको प्लाष्टिको झोला र प्लाष्टिक जन्य सामानहरु जलाउँदा उच्च मात्रामा रसायनहरु हावामा मिसिनछ र प्रदुषण बढ्छ ।

पुराना सवारीसाधनको प्रयोले गर्दा वायु र ध्वनी प्रदुषणलाई प्रसय दिएको देखिनछ । पुराना सवारी साधनाको इन्जिन पुरानो हुने भएकाले बढी धुवा फाल्ने र चर्को आवाज आउने हुन्छ फलस्वरुप यसले प्रदुषणलाई टेवा पुर्‍याउछ ।

वनजंगल विनासले वातावरण प्रदुषणमा ठुलो भूमिका खेल्दछ । प्रदुषित वातावरणलाई वन जंगलले केही हद सम्म सन्तुलित राख्ने काम गर्दछ । मानिसलाई

वांकी अन्तिम पेजमा...

## शिक्षण...

गर्न नहुने व्यवस्था हुँदाहुँदै शिक्षकलाई मात्र तोकेर बहुविवाह सम्बन्धी प्रावधान राखिनु जायज मान्न सकिँदैन । नेपालमा दोस्रो विवाह गर्ने छुट कसैलाई छैन । बहुविवाह गर्न कानुनी प्रतिबन्ध नै छ ।

बहुविवाह प्रचलित कानुन बमोजिम दण्डनीय भएकाले यस्तो कार्य गर्ने शिक्षकलाई मात्र विशेष सजाय हुने व्यवस्था प्रस्तुत विधेयकमा किन राखियो ? विधेयकमा नै आउनुपर्ने आवश्यकता कसरी ठानियो ? अब स्वाभाविक रूपमा प्रश्न उठ्छ, के शिक्षकबाहेक अरूले बहुविवाह गर्न पाउँछन् त ? संविधानमै उल्लेख भएको कुरालाई शिक्षकका लागि मात्रै छुट्टै रूपमा किन र कसरी आयो ? कतै शिक्षकलाई अनावश्यक चिढ्याउन खोजिएको त हैन ? आशंका उठेको छ ।

डीभी भरे जागिर चैट् ?

संसदमा दर्ता भएको शिक्षा विधेयकले शिक्षकको अनुशासनमा कडा व्यवस्था गरिएको छ । विधेयकमा विदेशी मुलुकको आवासीय अनुमतिको निवेदन दिएको प्रमाणित भएमा पनि शिक्षकको जागिर जाने व्यवस्था छ । त्यति मात्र नभएर भविष्यमा सरकारी सेवाका लागि नै अयोग्य हुने प्रावधान विधेयकमा छ ।

अमेरिकाका लागि डाइभर्सिटी भिसा (डीभी) भर्ने, अस्ट्रेलिया, क्यानडा, न्युजिल्यान्ड सहित अन्य देशमा स्थायी बसोबास अनुमति ( पीआर)का लागि दर्खास्त दिने सहितका गतिविधि गरे शिक्षकलाई भविष्यका लागि सरकारी सेवाकै लागि अयोग्य हुने गरी बर्खास्त गर्ने व्यवस्था छ । यसलाई शिक्षकप्रति राखिएको पूर्वाग्रहको उपज हो किन नभन्ने ?

मुलुकको कुनै पनि व्यक्तिलाई आफ्नो जीवनस्तर उकास्ने, समृद्ध बन्ने र राम्रो अवसर छान्ने अधिकार छँदैछ ।स्वदेशमै वा विदेशमा राम्रो अवसर प्राप्त गर्ने सबैको चाहना र प्रयास हुन्छ । त्यो अवसरबाट वञ्चित गर्न शिक्षकलाई मात्रै किन खोजिँदैछ ? यो रहस्यमय विषयले पनि शिक्षकको स्वाभिमानमाथि आँच पुर्‍याएकै छ ।

शिक्षकले सापटी समेत लिन नपाउने ?

विधेयकको दफा ७५ मा शिक्षकले विद्यार्थीका अभिभावकबाट दान, उपहार वा चन्दा मात्र नभएर सापटी समेत लिन नपाउने व्यवस्था गरेको छ । शिक्षक मात्र नभएर शिक्षकका परिवारले समेत दान, कोसेली वा उपहार स्वीकार गर्न नहुने व्यवस्था शिक्षक आचरणमा राखिएको छ ।

शिक्षकलाई कम्पनी स्थापना, सञ्चालन र व्यापार व्यवसाय गर्न समेत विधेयकले प्रतिबन्ध लगाएको छ । अन्यत्र नोकरी गर्न वा सेवा गर्न नहुने प्रावधान छ । स्थानीय तहको अनुमति विना शिक्षकले आम्दानी हुने गरी अन्य काम समेत गर्न पाउने छैनन् ।

व्यवसाय दर्ता गरेको प्रमाणित भएमा शिक्षक कारबाहीमा पर्नेछन् । यो व्यवस्थाले शिक्षकको स्वाभिमानमाथि ठाडो प्रहार गरेको छ ।

शिक्षकले कुनै व्यवसाय वा संस्था दर्ता गर्न पनि नपाउने प्रावधान कसरी न्यायोचित मान्न सकिन्छ ?

हाल नेपाल सरकारको विशुद्ध तलबले चार जनाको परिवार पनि ढुक्कसँग पालिने अवस्था छैन । सरकारले तलब बढाउन नसक्ने तर महँगी आकाशिएको अवस्थामा बाँच्न धौ-धौ छ । समय-समयमा हुने खर्च, आपतकालीन अवस्था, परिवारका दुःख-बिमार र दुर्घटनाका अवस्थामा उसले कि त आम्दानीका अन्य स्रोत खोज्नुपर्‍यो कि सरसापट र आर्थिक लेनदेन गरेरै समस्या टार्नुपर्‍यो ।

सरकारले शिक्षकको परिवारमा आउने भैपरी र आपतकालीन खर्चको सम्पूर्ण जिम्मा लिन लागेको हो भने ठिकै हो नत्र राजनीति गरेर देश हाँक्नेहरूले तमाम व्यवसायमा लगानी गर्न हुने, कमिशन र भ्रष्टाचार गर्न हुने तर विचरा शिक्षकलाई मात्रै यस्ता विषयमा प्रतिबन्ध किन ? यसलाई शिक्षकमाथिको हेपाहा प्रवृत्ति र अपमान मान्ने कि नमान्ने ?

अब के गर्ने त ?

यस पटकको विधेयकले समग्र शैक्षिक जगतलाई चिढ्याउने काम गरेको छ । विधेयक विना तयारी, विना अध्ययन र फगत हचुवाको भरमा ल्याइएको देखिन्छ ।

सबै प्रकारका जनशक्तिको उत्पादन गर्ने शिक्षकको अपमान गर्ने, शिक्षा क्षेत्र ध्वस्त पार्ने गरी ल्याइएको शिक्षा विधेयकले समस्याको समाधान गर्नेभन्दा पनि समस्या झन् बल्झाउने देखिँदैछ ।

शिक्षक महासंघसँग सरकारले विगतमा गरेका सम्झौता सरकारले कार्यान्वयन नगरेका कारण पनि यतिखेर शिक्षक-कर्मचारीहरू जीवन-मरणको आन्दोलन गर्ने मानसिकतामा देखिन्छन् । सायद त्यसै कारण यसपटक नेपाली इतिहासमा शिक्षकहरू बीच अभूतपूर्व एकता देखिएको छ ।

उनीहरू २०३६ सालको आन्दोलन दोहोर्‍याउने भन्दैछन् । सरकार यो थेग्न सक्ने क्षमतामा छ कि छैन, थाहा छैन ।

तसर्थ, अब शिक्षा क्षेत्रको समग्र हितका लागि सरकारले सरोकारवालाका समस्यालाई बुझ्नुपर्छ । अहिले प्रस्तावित शिक्षा ऐनले शिक्षकको मानमर्यादा बढाउँदैन बरू मानमर्दन गर्ने देखिन्छ ।

शिक्षा र स्वास्थ्य क्षेत्र जस्तो संवेदनशील विषयमा आन्दोलन गर्न नपर्ने परिस्थितिको वातावरण सरकारले बनाउनु जरूरी छ । आन्दोलनरत पक्ष संयमित होस् । सरकार जिम्मेवार र गम्भीर बनोस् ! अस्तु ।

**कर तिरौं, राजश्व बढाऔं**

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।

स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस् ।

लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर

कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं ।

सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर ।

**अन्तरिक राजश्व कार्यालय विराटनगर**

# अन्तराष्ट्रिय शान्ति दिवसको अवसरमा प्रवचन



विराटनगर। अन्तराष्ट्रिय शान्ति दिवसको अवसरमा प्रेम रावतका अनुयायीहरुले प्रवचन सुन्नुका साथै वृहत ऱ्याली निकालेका छन्।

विराटनगरको रामजानकी मन्दिरको रजत हलमा प्रेम रावत जी महाराजको भिडियो मार्फत सयौं अनुयायीहरुले प्रवचन सुनेका थिए। प्रवचन पश्चात ती अनुयायीहरुले 'वास्तवीक शान्ति तपाई भित्रै छ र त्यसको अनुभूति केवल आफू भित्र गर्न सक्नु हुन्छ' भन्ने मुलनाराका साथ ब्यानर लिएर बजार परिक्रमा गरका थिए।

आत्मज्ञान प्रचार संघको आयोजनमा भएको ऱ्याली रामजानी मन्दिरवाट पंचमुखी चौक, ट्राफिक चौक, महेन्द्र चौक, शनिमन्दिर, विजुली अफिस, वडा प्रहरी कार्यालय, अतिथी सदन, बजारको मुख्य सडक हँदै पुन : रामजानकी मन्दिरमा ऱ्याली समापन गरको थिए।

हामी अशान्त हुन निकै अभ्यस्त छौं त्यसैले गाऱ्हो हुन्छ हामीलाई शान्त रहन। अशान्त भैहाल्ने बानी परेको छ। शान्तिको अभ्यास हामीबाट कोसौं दूर छ। हामीले शान्तिलाई स्वागत नै गरेका छैनौं। शान्तिलाई आफ्नो दैनिकी बनाएका छैनौं। आफूभित्रको परम शान्तिलाई हेर्ने, बुझ्ने र अनुभव गर्ने अभ्यास नै गरेका छैनौं अनि हामी कसरी शान्त हुन सक्छौं? अशान्त बन्न मेहनत गर्नु पर्दैन तर शान्त बस्न मेहनत गर्नु पर्छ। अशान्ति त्यो झार हो जो बिना परिश्रम उम्रन्छ तर शान्ति त्यो मिठो फल हो जुन उब्जाउन परिश्रम गर्नु पर्छ।

प्रेम रावतको सन्देशमा यिनै कुराहरू व्यापक छन्। प्रेम रावत भन्नु हुन्छ चौबीस घन्टामा एक घन्टा शान्तिको अभ्यास गर, बाँकी तेइस घन्टा तिम्रो सुखद हुन्छ बाँच्छ तर हामी एक घन्टा पनि आफ्नो लागि छुट्ट्याउन सक्दैनौं। हामी कति अटेरी छौं त्यसैले त दुखी छौं, अभावमा छौं। सम्पन्न भएर पनि भिखारी भएका छौं। यदि शान्तिलाई जीवनको एक अङ्ग बनाउने हो भने हामी सम्राट हुनेछौं। परिस्थिति जस्तोसुकै होस् यदि हाम्रो मनस्थिति शान्त छ भने आनन्द र प्रेमको वर्षात् हुनेछ भन्ने प्रेम रावतको संदेश लाई सुन्दै जाँदा शान्ति वास्तवमै सम्भव छ। मात्र अभ्यास गर्न जरुरी छ। शान्ति प्राप्त गर्न घर छोडेर हिँड्नु पर्दैन। पहाड फोड्नु जानू पर्दैन। आफूभित्र आफैंले हेर्ने, सुन्ने, अनि आन्तरिक शक्तिलाई महसुस गर्ने र आनन्दलाई चाख्ने अभ्यास गर्नु पर्ने आवश्यक रहको संदेशमा उल्लेख छ। शान्ति सम्भव छ ! शान्ति सम्भव छ !

# साना मिडियालाई बचाउन ध्यान दिनुपर्ने : बोहरा



सम्पादक : रमेश कुमार बोहोरा

काठमाडौं, । नेपाल पत्रकार महासंघ काठमाडौं शाखाका कार्यसमिति सदस्य तथा अर्थ सवाल साप्ताहिकका सम्पादक रमेश कुमार बोहोराले साना लगानीमा सञ्चालित मिडियालाई बचाउन सरकारले ध्यान दिनुपर्ने बताएका छन्।

नेकपा (माओवादी केन्द्र)का सचिव तथा बागलुङबाट निर्वाचित प्रतिनिधिसभाका सांसदसमेत रहेका पूर्वमन्त्री देवेन्द्र पौडेलले शनिबार आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रममा रमेश कुमार बोहोराले पछिल्लो समयमा साना लगानीका मिडिया जीवन मरणको अवस्थामा रहेको बताए। 'साना मिडिया भन्दिन म, मिडिया कुनै पनि सानो र ठूलो हुँदैन, लगानीमात्र सानो हुने हो, यी मिडियालाई समस्या छ, कुन दिन बन्द गर्नुपर्ने हो थाहा छैन कति पत्रपत्रिका हरु बन्द भइसकेका छन्।

त्यसैले सरकारले यसतर्फ ध्यान दिओस्' सरकारको नेतृत्व गरेको पार्टीका नेता पौडेललाई बोहोराले भने 'मिडियाले हरेक समयमा सरकारलाई सहयोग गरिरहेको छ, राम्रा कामको चर्चा गरेका छौं तर मिडिया नै बन्द हुने अवस्था आउनु दुःखद् पाटो हो।' रमेश कुमार बोहोराले सरकारले मिडियालाई हेर्ने दृष्टिकोण सकारात्मक हुनुपर्ने पनि बताए। उनले मिडियामा समाचार नआएपछि सरकारले, मन्त्री र सांसदले जतिसुकै राम्रो काम गरे पनि अर्थ नहुने भन्दै मिडियामा भएका समस्याको बारेमा सांसदले समेत संसदमा आवाज उठाउनुपर्नेमा जोड दिए। उनले मिडियालाई व्यवस्थित गर्ने नाममा खोलिएका कतिपय संस्थाले पत्रकारलाई झन् संकटमा पारेको भन्दै त्यसको खारेजीको समेत माग गरे। उनले विज्ञापन बोर्डले पत्रिकाका लागि दिँदै आएको रकममा ३ प्रतिशत कटौती गरेकोमा समेत आपत्ति जनाएका छन्।

बोहोराले लोककल्याणकारी विज्ञापनको रकम १०० प्रतिशत वृद्धि गर्न, सञ्चारकर्मीहरुले खरिद गर्ने सञ्चार सामाग्रीहरुमा अनुदान उपलब्ध गराईदिनुहुनका साथै सञ्चारगृहरुका लागि सवारी साधन खरिद प्रक्रियामा कर तथा भन्सार छुटका लागि नीतिगत पहल गर्न, पत्रकारलाई निःशुल्क उपचार गर्ने सम्बन्धमा भएको अघिल्लो सरकारको घोषणा र नीतिबारे कोही पत्रकार वञ्चित नहुने गरी कार्यविधि तत्काल बनाई कार्यान्वयनमा गर्न, अर्थ मन्त्रालयले बजेट विनियोजन गरिसकेको अवस्थामा अनलाइन सञ्चारमाध्यमको समेत मापदण्ड बनाई लोककल्याणकारी विज्ञापनको लागि तत्काल कार्यविधि बनाई लोक कल्याण कारी विज्ञापन उपलब्ध गराउने व्यवस्था गर्न, जेष्ठ पत्रकारहरु का लागि सुरु गरिए को जीवनवृति भत्ताको स्वागत गर्दै ५० (पचास) वर्ष उमेर पुगेका वा ३० वर्ष भन्दा बढी समय निरन्तर पत्रकारिता गरिसकेका जेष्ठ तथा अग्रज सञ्चार कर्मीहरुलाई मासिक रुपमा जीवन निर्वाह भत्ताको व्यवस्था गर्न, समावेसी संचार नीति अन्तरगत महिला, आदिवासी, जनजाती, मधेसी ,दलित, अपाङ्ग, सिमान्तकृत लगायत पिछडिएका समुदायको संचारमा पहुँच स्थापना गर्न आवश्यक नीति कार्यान्वयन गर्न र साना लगानीका पत्रपत्रिका को लागि कम्तिमा पच्चीस लाख रुपैया सहुलियत मा रिन दिने व्यवस्था गर्न रमेश कुमार बोहोराले सुझाव दिएका छन्।

कार्यक्रममा पत्रकारहरुले सरकार, पार्टी, पार्टीको ३ महिने रुपान्तरण अभियान लगायतका विषयमा धारणा राखेका थिए। नेता पौडेलले पत्रकारका सुझावलाई आफूले गम्भीर तापूर्वक लिएको र सम्बन्धित ठाउँमा राख्ने पनि बताएका थिए। नेता पौडेलले पछिल्लो समयमा पत्रकारसँग निरन्तर अन्तर क्रिया गर्दै आएका छन्।




## स्वास्थ्य

# शरीरमा पानीको मात्रा कम देखिने समस्या

जब शरीरमा पानीको मात्रा शरीरबाट निस्किएको पानीको मात्राभन्दा कम हुन्छ भने त्यस्तो अवस्थामा डिहाइड्रेसन हुन्छ। हाम्रो शरीरबाट कुनै न कुनै तरिकाबाट पानी बाहिर निस्कन्छ। पिसाब या पसिनाको माध्यमबाट शरीर पानी शरीरबाट बाहिर निस्कन्छ।

१. थकान

पानीले शरीरलाई उर्जा दिन्छ। डिहाइड्रेसनका कारण इन्जाइममा असर पर्छ, जसबाट शरीको सबै प्रक्रियामा असर पर्छ। पानी कम हुने कारण थकान र सुस्तता महसुस हुन्छ। शरीरमा उर्जा नहुँदा मानिस शारीरिक रुपमा सक्रिय हुन सक्दैनन्।

२. दम

जब शरीरमा पानीको कमी हुन्छ, त्यसपछि श्वासप्रश्वास प्रणालीमा समस्या पैदा हुन्छ। जसका कारण श्वास लिन समस्या हुन्छ। यदि अचानक दम हुन्छ भने बिरामीलाई बढीभन्दा बढी पानी पिउन दिनुपर्छ। पानीका साथ जूस, नरिवल पानी, लस्सी आदि भरपूर पिउन दिनुपर्छ। यसबाट तीव्र गतिमा श्वास लिने समस्या कम हुन्छ।

३. रक्तचाप

गर्मीमा अक्सर पसिना बढी बग्दा शरीरको र गतमा मौजूद पानीको मात्रामा कमी आउन सक्छ। यस्तो अवस्थामा धेरैपानी खाने सल्लाह दिइन्छ। उच्च रक्तचापका बिरामीले छिन छिनमा पानी पिउनुपर्छ। शरीरबाट पानी निस्क्यो भने रक्तचाप कम हुन सक्छ।

४. उच्च कोलेस्टेरोल

उच्च कोलेस्टेरोल एक समस्या हो, जो मुटुका लागि घातक हुन सक्छ। जब आवश्यकताको हिसाबले पानी पिइदैन, शरीरले बढी मात्रामा कोलेस्टेरोल निमाॅण गर्छ। यदि शरीरलाई पर्याप्त पानी मिल्ने हो भने कोलेस्टेरोलको समस्या पैदा हुँदैन।

५. छालासम्बन्धी समस्या

पानीमार्फत छालाको राम्रो हेरचाह हुन्छ। छालाले शरीरका लागि सुरक्षाकवचको काम गर्छ। यसले पानीको स्तर पनि नियन्त्रित गर्छ। पानी भरपूर पिउनाले छाला नरम पनि बन्छ। पानीको कमी हुँदा छाला रुखो र निस्तेज हुन्छ। डिहाइड्रेसन हुँदा छालामा डर्मटाइटिस, सराइअसिसजस्ता विभिन्न समस्या निम्तने डर हुन्छ।

६. पाचनसम्बन्धी समस्या

शरीरले पर्याप्त पानी नपाउँदा क्यालिसयम र म्याग्नेसियमको कमी हुन्छ, जसबट शरीरमा पाचनसम्बन्धी कयौं समस्या निम्तन सक्छ। जस्तै, अल्सर, ग्यास आदि खाना पचाउन पनि पानी आवश्यक हुन्छ।

७. तौल बढ्ने

खानाबाट प्राप्त क्यालोरीलाई जलाउन पानीको महत्वपूर्ण भूमिका हुन्छ। पानीको मात्रामा कमी आउनाले क्यालोरी जलाउन पर्याप्त पानी नपाउने हो भने बोसो कम नष्ट हुन्छ र तौल बढ्ने समस्या हुन्छ।

८. मानसिक स्वास्थ्यमा असर

डिहाइड्रेसन मानिसको दिमागको कार्यकुशलतालाई प्रभावित गर्न सक्छ। लण्डनमा मनोचिकित्सा संस्थानका अनुसन्धानकर्ताहरुले के पाए भने शरीरमा जब पानीको कमी हुन्छ, त्यसले उसको दिमागी गतिविधिमा निकै असर पार्छ।

९. मधुमेह

मधुमेह पीडित हुँदा बढेको ब्लड सुगरको स्तर पिसाबको रुपमा बहिर निस्कन्छ। योभन्दा बढी भयो भने कमजोरी महसूस हुन्छ र शरीरमा पानीको कमी हुन्छ।

१०. जोर्नीमा प्रभाव

पानीले हाम्रो जोर्नी र मांसपेशीलाई नरम बनाउँछ। यसको कमी हुनाले जोर्नी वा मांसपेशीमा पीडा हुन सक्छ। शरीरमा पानीको कमीका कारण रगतको मात्रामा पनि कमी आउन सक्छ। रगतमा आउने यो कमीका कारण जोर्नीको समस्या पनि आउन सक्छ।

११. मिर्गौलाको समस्या

शरीरमा निरन्तर चलिरहने अनेक खालका रासायनिक क्रियाका कारण केही विषालु तत्वको निमाॅण हुन्छ। यी विषाक्त पर्दा शरीरबाट बाहिर निकाल्न जरुरतहुन्छ। पानी कमहुँदा यस्ता विषालु तत्व शरीरमा बनिरहन्छन् र कयौं प्रकारका रोग लाग्न सक्छन्।

स्रोत: वान्लीमाइ हेल्थबाट

